अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १२ कार्यपालिका स्वीकृत मितिः२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

## शत प्रतिशत अनुदानमा बोका/थुमा वितरण कार्यक्रम कार्यविधि २०८२

**प्रस्तावना :**

वर्तमान अवस्थामा स्थानीय भेडा/बाख्राहरुमा उन्नत नश्ल,वंशावली अभिलेख भएका बोका /थुमा सँग प्रजनन गराई उत्पादन र उत्पादकत्वमा उल्लेख्य रुपमा वृद्धि गर्ने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(७) दिईएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त, नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम “ शत प्रतिशत अनुदानमा बोका/थुमा वितरण कार्यक्रम कार्यविधि २०८२” रहनेछ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा :विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"**कार्यालय**" भन्नाले यस बर्दिवास नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख)"**कार्यपालिका**" भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) " **बोका/थुमा** " भन्नाले ९ महिना भन्दा माथिका प्रजनन योग्य बोका, थुमा भन्ने सम्झनु पर्दछ ।

(घ) "**शाखा**" भन्नाले बर्दिवास नगरपालिकाको पशुपन्छी विकास शाखालाई सम्झनु पर्दछ ।

(ङ)"**कार्यक्रम**" १००% अनुदानमा बोका/थुमा वितरण कार्यक्रमसम्झनु पर्दछ ।

(छ) " **समिति** " भन्नाले दफा (५) को समिति लाई सम्झनु पर्दछ

## पीरच्छेद -२

## मपदण्ड

**३. कार्यक्रम सञ्चालन क्षेत्र :** कार्यक्रम सञ्चालन वडाको कुनै टोलमा मात्र वा एउटा वडामा मात्र वा एक भन्दा वढी वडामा गर्न सकिने छ । कार्यविधि अनुसार अनुदान पाउन योग्य लाभग्राहीको मापदण्ड देहाय अनुसार हुनेछ ।

- बोका पाउने व्यक्ति वा समूह स्थानीय वासिन्दा हुनु पर्ने ।
- गरिव दलित महिला पिछडिएको वा विपन्न वर्गलाई प्राथमिकता दिइने ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

**४. लाभ ग्राही छनौट प्रक्रिया :**

- एक वा सो भन्दा बढी वडा छनौट गरी सूचना प्रकाशन गर्नपर्ने छ ,
- इच्छुक कृषकहरुवाट निवेदन सङ्कलन गर्ने,
- आवेदकहरुको मूल्याङ्कन गर्ने,
- छनौट समितिबाट योग्य लाभग्राहीको नामावली प्रकाशन गर्ने,

**५.प्रस्ताव मूल्यांकन,तथा छनौट**

१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ :

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग)आर्थिक विकास समिति प्रमुख | सदस्य |

घ) सम्बन्धित शाखा प्रमुख वा प्रतिनिधि सदस्य सचिव

मूल्याङ्कन समितिले विषय विज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

२) मूल्यांकन समितिले मूल्यांकन विधि र कार्यविधि आफैँ तयार गर्नेछ ।

३) लाभग्राही छनौट गर्नुपूर्व स्थलगत अनुगमन गर्ने ,

४) प्राविधिक सहयोग तथा खोप सेवा दिईने व्यवस्था मिलाउने ,

६.सम्झौता : छनौट भएका लाभग्राहीहरु सँग कार्यालयले सम्झौता गर्नुपर्ने छ ।

७.बोका खरिद प्रक्रिया

- बोका खरिदका लागि टेन्डर वा स्वीकृत फार्मबाट बोका खरिद गर्ने ,
- खरिद गरिने बोकाको स्वास्थ्य परिक्षण , नश्ल परीक्षण,प्राविधिक टिमको निरीक्षण पछि मात्र स्वीकृत गर्ने,

## परिच्छेद -४

## विविध

८ अनुगमन :

१) नगर उपप्रमुखले शाखाको कर्मचारी सहित नियमित अनुगमन गर्नुपर्नेछ ।

२) अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

९. वितरण प्रक्रिया

- वितरण प्रक्रिया मूल्याङ्कन समितिले निर्धारण गर्ने ,
- निश्चित मिति र स्थानमा वितरण गर्ने ,
- लाभग्राहीलाई पशु पालन व्यवस्थापन सम्वन्धी तालिम दिने ,
- लाभग्राहीलाई बोका वितरणभन्दा पहिला सम्झौता गर्ने,
- वितरणको फोटो हस्ताक्षर र रेकर्ड राख्ने ,

१०. प्रगति विवरण तथा प्रभावकारिता

१) शाखाले प्रगति विबरण तयार गर्नु पर्नेछ ।

२) कार्यक्रमको प्रभावकारीताको आधारमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११.दण्ड सजाय : विवरण गरिएको बोका सम्झौताअनुसार पालन नगरेमा प्रचलित कानुनअनुसार दण्ड सजाय गरिनेछ ।

१२.संशोधन : यो कार्यविधि कार्यान्वयन सम्वन्धमा बाधा अड्चन कार्यपालिकाले फुकाउने छ ।

१३.बचाउँ : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत